आज मिति २०८२/०२/३० गते शुक्रबारका दिन पर्सागढी नगरपालिकामा नगर प्रमुख श्री गोकर्ण पाठक ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितिमा देहायका ऐजेण्डाहरु माथि छलफल गरि निम्नानुसारका निर्णय गरियो ।

तपसिल

| सि.नं. | नाम/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गोकर्ण पाठक | नगर प्रमुख | |
| २ | श्री पूजा चौधरी | नगर उप प्रमुख | |
| ३ | श्री राज कपुर खवास | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री वीरेन्द्र प्रसाद महतो थारु | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री सुकमान तामाङ्ग | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री शेष खुर्सेद मियाँ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री नितेश मिश्रा | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री नवल किसोर प्रसाद कलवार | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री शंकर राय भर | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री सुन्दरी देवी थरुनी | ८ नं. वडा अध्यक्ष | |
| ११ | रामबढाई प्रसाद यादव | ९ नं. वडा अध्यक्ष | |
| १२ | श्री दिल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १३ | श्री मोहन लाल महतो | कार्यपालिका सदस्य | |
| १४ | श्री असलम आलम | कार्यपालिका सदस्य | |
| १५ | चन्दा देवी थरुनी | कार्यपालिका सदस्य | |
| १६ | लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १७ | सिता देवी लामा | कार्यपालिका सदस्य | |
| १८ | सुनिता कुमारी देवी | कार्यपालिका सदस्य | |
| १९ | सबिता गिरी | कार्यपालिका सदस्य | |
| २० | श्री राजु प्रसाद साह | सदस्य सचिव | |

आमन्त्रीत

| | | | |
|---|---|---|---|
| १ | | | |

CamScanner

मिति २०८२।०२।३० गते शुक्रबारका दिन बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरुः-

| सि.नं. | ऐजेन्डा | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | १३ औं नगर सभाको अधिवेशन सम्बन्धमा | अगामी आर्थिक वर्ष २०८२/०८३ को १३ औं नगर सभाको बैठक मिति २०८२/०३/०६ गते शुक्रबारका दिन नगरपालिकाको सभाहलमा दिउँसो २:०० बजेबाट संचालन गर्ने निर्णय गरियो । |
| २ | १३ औं नगर सभाको तयारी सम्बन्धमा | आर्थिक वर्ष २०८२/०८३ को १३ औं नगर सभा लक्षित गरि यस अघि समितिहरुबाट भएका सम्पुर्ण निर्णयहरु अनुमोदन गर्दै १३ औं नगर सभाको लागि श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट निर्णय साथ सिफारिस भई आए बमोजिम प्रत्येक वडाको लागि रु ५० लाख समानिकरण तथा २० लाख आन्तरिक/स्थानिय बाँडफाँड को सिमा भित्र रहि आर्थिक वर्ष ०८२/०८३ को लागि मिति २०८२/०३/०५ गते भित्र आ-आफ्नो बस्ती स्तरबाट प्राप्त हुने योजनाको छनौट गरि पेश गर्न सबै वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो । साथै १३ औं नगरसभालाई मर्यादित र ऐतिहासिक बनाउने गरि व्यवस्थापन गर्न नगर सभा सदस्यज्यूहरुलाई पत्राचार गर्ने र प्रमुख प्रशासकीय अधिकृतज्यूको अध्यक्षतामा १३ औं नगरसभा व्यवस्थापन समिति निर्माण गरि आवश्यक व्यवस्थापन मिलाउन निर्देशन दिने निर्णय गरियो । |
| ३ | वैरी पोखरी सम्वन्धमा | पर्सागढी नगरपालिका वडा नं.२ मा रहेको सार्वजनिक वैरी पोखरी ५ वर्षको लागि माछापालन गर्ने कार्यको लागि यस नगरपालिका र. तहाँ फर्म वीच मिति २०७७/११/०३ मा सम्झौता भई बार्षिक रु.१३,७४,०००।०० का दरले ५ वर्षको जम्मा रकम रु.६८,७०,०००।०० अढसठी लाख सतरी हजार रुपैयमा मध्ये हाल सम्म रु.३५,४९,०००।०० पैतीस लाख उन्नपचास हजार रुपैयमा यस नगरपालिकाको कार्यालयमा पटक पटक गरी जम्मा गरेको र बाँकी रकम रु.३३,२१,०००।०० रहेकोमा चौथो किस्ता बराबरको रकम रु.१९,४७,०००।०० (उनाईस लाख सैतालिस हजार रुपैया) पोखरीमा रहेको माछा मारेर तिर्नेछु र अन्तिम किस्ता वापतको रकम रु.१३,७४,०००।०० तेह्र लाख रुपैया सम्झौतामा तोकिएको म्याद मिति २०८२ कार्तिक मसान्त सम्ममा तिर्नेछु भनी जम्मा रु.३३,२१,०००।०० बराबरको धनजमानी रोक्का गरी पोखरी सञ्चालन गर्न दिनु भनि मिति २०८२/०२/२७ गते निवेदन पेश हुन आएकोमा यस कार्यालयको निर्णय अनुसार सोही दिन नगर प्रमुख स्तरीय निर्णय बमोजिम च.नं.२२२९ मिति २०८२/०२/२७ गतेको पत्रबाट जग्गा रोक्का गर्न श्री मालपोत कार्यालय पर्सालाई पत्राचार गरिएको हुँदा श्री मालपोत कार्यालय पर्साको रोक्का नं.५५५ रोक्का दर्ता नं.३४१२०८१८२NL००१४८३५/२०८२/०२/२९को पत्रानुसार जग्गा रोक्का गरिएको हुँदा पोखरी संचालन गर्न दिने निर्णय गरियो। |

| | | |
|---|---|---|
| ४ | घटना दर्ता सम्बन्धमा | पर्सागढी नगरपालिका वडा नं. ०८ बस्ने विश्वमोहन दास थारुको नाति बैजनाथ दास थारु भन्ने बैधनाथ कुमार दास थारु तथा श्रीमती जानकी देवी भन्ने जानकी देवी थरुनीको छोरा सुमित चौधरीको मिति २०७६/११/०४ र दर्ता नं. १००२८७ उल्लेख भएको जन्मदर्ता प्रमाणपत्र बाजे विश्वमोहन दास थारुले वडा कार्यालयबाट आफै सुचक बसि सूचना फर्मभरी नाति सुमित चौधरीको जन्म दर्ता प्रमाणपत्र बनाउन सूचना दिँदा बाबुको नाम सुजित कुमार दास हुनु पर्नेमा ठुलो बुबा बैजनाथ दास थारुको नामबाट ज.द.प. लिई र निज ठुलो बुवाको मिति २०५८/०५/२४ मा मृत्यू भै तत्तपश्चात आमा आफ्नै एका संगोलका नाता पर्ने देवर सुजित कुमार दास संग विवाह गरी निज नव विवाहित दम्पतीहरुको दाम्पत्य जिवनबाट मिति २०६३/०८/१७ गतेमा छोरा सुमित चौधरीको जाय जन्म भएकोमा मिति २०७६/११/०४ मा बाजे विश्वमोहन दास थारले जन्म दर्ता प्रमाणपत्र बनाउन वडा कार्यालयमा आउँदा भुलबस बुवाको नामको महलमा सुजित कुमार दास हुनु पर्नेमा ठुलो बुवा वैजनाथ दास थारु भन्ने बैधनाथ कुमार दास थारु ना.प्र.नं. ३६६४२१८० जारी मिति २०५६/०१/०६ पर्साको नाम उल्लेख गराई जन्म दर्ता प्रमाणपत्र गराईसकेकोमा उक्त जन्म दर्ता प्रमाण पत्र रद्दका लागि श्री जिल्ला प्रशासन कार्यालय विरगंज पर्सामा सिफारिस माग भएको हुँदा आवश्यक प्रकृयाका लागि सिफारिस गर्ने निर्णय गरियो। |
| ५ | घटना दर्ता सम्बन्धमा | जिल्ला पर्सा साविक गा.वि.स. बागेश्वरी तित्रौना वडा नं. ०१ हाल परिवर्तित पर्सागढी नगरपालिका वडा नं. ०६ शिवटोलमा बस्ने विचारी हजराको नाती रामकेशवर हजरा तथा पुनम देवी दुसादको छोरा अमित कुमार पसवान को मिति २०६६/१२/११ गते जारी गरेको जन्म दर्ता प्रमाणपत्र आमाको नाम चनरमा देवी लेखिएको र मिति २०६३/१२/०६ मा जिल्ला प्रशासन कार्यालय पर्साबाट जारी भएको नागरिकता प्रमाणपत्रमा आमाको नाम पुनम देवी दुसाद उल्लेख भएकोले निजको जन्म दर्ता प्रमाणपत्रमा मिति २०६६/१२/११ गते जारी भएको ढाडा अनुसार मिति २०८२/०१/२४ गते अमित कुमार पसवानको जन्मदर्ता प्रमाणपत्रको जारी गरेको दर्ता नं. २०६३१२११०४७७८ र जिनको आमाको नाम पुनम देवी दुसाद र चनरमा देवी फरक फरक भएकोले नियमानुसार प्रमाणपत्र रद्दको लागि जिल्ला प्रशासन कार्यालय पर्सालाई सिफारिस गर्ने निर्णय गरियो |
| ६ | घटना दर्ता सम्बन्धमा | जिल्ला पर्सा हाल पर्सागढी नगरपालिका वडा नं. ०१ मनवा बजारमा बस्ने प्रमानन्द ढुङ्गानाको निवेदन अनुसार बुझ्दा निजको नातिनी ईश्वरी प्रसाद ढुङ्गाना तथा ईन्दु ढुङ्गानाको छोरी लक्ष्मी ढुङ्गानाको मिति |

| | | |
|---|---|---|
| | | २०६९/०७/१४ गते दर्ता नम्बर ५४ भई दर्ता गरेको जन्मदर्ता प्रमाणपत्रमा निजको जन्ममिति २०६९/०९/१८ लेखिएकोले सो अनुसार जन्ममिति भन्दा दर्ता मिति अगाडीको मितिमा भएकोले साथै डिजिटाईजेशन र कार्यालयमा भएको अभिलेखमा पनि सोही सक्कल जन्मदर्ता अनुसारको जन्म मिति भएकोले सो जन्मदर्ता रद्दको लागि जिल्ला प्रशासन कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो । |
| ७ | वडा नम्बर ५ को ब्रहमबाबा मन्दिरको भुक्तानी सम्बन्धमा | प्रस्तुत विषयमा नगर स्तरिय बजेटबाट आ.व. २०७९/०८० मा बजेट व्यवस्था (रु ८०००००।-) भएकोमा प्रथम रनिङ्ग विल भुक्तानी भई बाँकी रकम आ.व. २०८०/०८१ मा बजेट व्यवस्था हुनुपर्नेमा, नभएको र चालु आ.व. २०८१-०८२ मा सो कार्यको भुक्तानीको लागि नगर स्तरिय कार्यक्रम अन्तर्गत रु २ लाख मात्र बजेट विनियोजन भएकोले पुरानै दररेटको आधारमा रु. २ लाख भुक्तानी गरि बाँकी रकम २०८२-०८३ को बजेटमा व्यवस्था गरी भुक्तानी दिने निर्णय गरियो । |
| ८ | TOR स्विकृत सम्बन्धमा | पर्सागढी नगरपालिका अन्तर्गत संचालन गर्न खोजेको आर एम सी बालुवा क्रसर प्रा.ली को प्रारम्भिक बातावरणिय परिक्षण IEE को कार्य सूची (TOR ) स्विकृत गर्ने निर्णय गरियो । |
| ९ | भुक्तानी सम्बन्धमा | पर्सागढी नगरपालिका वडा नम्बर ०६ वडा कार्यालयको आर्थिक वर्ष २०७९/०८० को बाँकी रहेको वैठक भत्ता नियमानुसार भुक्तानी दिने निर्णय गरियो। |
| १० | भुक्तानी सम्बन्धमा | गत आर्थिक वर्षको भुक्तानी बाँकीमा रहेको रकम रु. ५५६५०९।- अक्षरेपी रु पाँच लाख छपन्न हजार पाँच सय नौ रुपैया मात्र साक्षी मेडिकल हल विरगंज पर्सालाई औषधी खरिदको भुक्तानी दिने निर्णय गरियो । |
| ११ | औषधी उपचार सहयाता सम्बन्धमा | पर्सागढी न.पा. वडा ०१ को वडा सदस्य श्री केदार दास कार्यालयमा कामकाज गर्दै अवस्थामा पक्षघात भई अस्पतालमा उपचारको क्रममा रहेको हुँदा निजलाई आर्थिक सहयाताको रुपमा रु ३५ (पैतीस) हजार उपलब्ध गराउने सथै वडा कार्यालयमा कार्य गर्दै गरेको अवस्थामा पक्षघात भई अचेत भएका वडा नं. ०१ का वडा अध्यक्ष श्री राजकपुर खवाँसलाई विरगंज स्थित विरगंज न्यूरो एण्ड जेनेरल हस्पिटल रिसर्च सेन्टर प्रा.लि.मा उपचार गराउदै लागेको खर्च मध्ये रु १३७०००।- अक्षरेपी रु एक लाख सैतीस हजार मात्र यस कार्यालयबाट व्यहोर्ने निर्णय गरियो । |
| १२ | औषधी खरिद सम्वन्धमा | पर्सागढी नगरपालिकाको लागि अत्यावश्यक औषधी ORS, Tab metformin500mg and Azitromycin500mg गर्नुपर्ने भएकोले आ.व ०८१/०८२ को विनियोजित स्वास्थ्य तर्फको लक्षीत वर्ग तथा कार्यक्रम मैत्री स्वास्थ्य सुधार कार्यक्रम शिर्षकमा विनियोजन ४ लाख भित्र रहि खरिद गर्ने निर्णय गरियो । |

CamScanner

| | | |
|---|---|---|
| १३ | बालक्लब दर्ता सम्बन्धमा | पर्सागढी नगरपालिका भित्र रहेका बालकल्बहरु दर्ता गरि बालमैत्री नगरपालिकाको आधार तयार गर्न बालकल्ब दर्ता सम्बन्धी विधान स्विकृत गर्ने निर्णय गरियो । |
| १४ | आ.व. २०८१/०८२ का लागि (१३ औं नगर सभा) को कार्यसूची सम्बन्धमा | "पर्सागढीको समृद्धिको आधार<br>गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार "<br><br>पर्सागढी नगरपालिका<br>हरपुर, पर्सा<br>**१३ औं नगर सभा**<br>२०८२<br>कार्यसुची<br>२०८२/०३/०६<br>• सभा सदस्य उपस्थिती<br>• सभाध्यक्ष सभामा प्रवेश<br>• राष्ट्रियगान<br>• ज्ञात अज्ञात सहिद प्रति श्रद्धान्जली<br>• आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम नगर सभा समक्ष पेश, दफावार छलफल र निर्णयार्थ पेश ।<br>• आर्थिक वर्ष २०८२/०८३ को लागि अर्थ सम्वन्धी विधेयक २०८२ नगर सभा समक्ष पेश दफावार छलफल र निर्णयार्थ पेश<br>• आर्थिक वर्ष २०८२/०८३ को लागि विनियोजन विधेयक २०८२ नगर सभा समक्ष पेश दफावार छलफल र निर्णयार्थ पेश ।<br>• आर्थिक वर्ष २०८२/०८३ को लागि नगरपालिकाको निर्माण तथा खरिद दररेटहरुको विवरण २०८२ नगर सभा समक्ष निर्णयार्थ पेश ।<br>• नगर सभामा अनुमोदनका लागि आ.व.२०८१/०८२ मा भए गरेका निर्णय तथा कार्यहरु सभामा पेश।<br>क. कार्यपालिकाले गरेका हालसम्मका निर्णयहरु ।<br>ख. सञ्चालित योजना कार्यान्वयन अनुमोदन ।<br>ग. आम्दानि तथा खर्च अनुमोदन ।<br>घ. निर्णय एवं निर्देशन वमोजिम पदाधिकारी तथा कर्मचारीहरुवाट भए गरेका कार्यहरुको अनुमोदन ।<br>• अन्य विभिन्न प्रस्ताव सभामा पेश ।<br>• विविध ।<br>माथि उल्लेखित कार्यसूचिहरु सर्व सहमतिले नगर सभामा पेश गर्ने निर्णय गरियो |

CS CamScanner

| | | |
|---|---|---|
| १५ | जन्मदर्ता सिफारिस गर्ने सबन्धमा | पर्सागढी नगरपालिका वडा नं. ०३ को सिफारिस बमोजिम वडा नम्बर ०३ बस्ने शन्तोष विश्वकर्माको नागरिकता प्रमाणपत्र नभएको तथा निजको बुवा रामलाल विश्वकर्माको मिति २०५८/०६/१० गते मृत्यू भईसकेको र आमा शोभा देवी लपाता भएको हुँदा वडा कार्यालयको अभिलेख अनुसार निज शन्तोष विश्वकर्माको बुवा र आमाको नागरिकता नियमानुसार बनाई दिनुहुनका लागि जिल्ला प्रशासन कार्यालय पर्सालाई सिफारिस गर्ने निर्णय गरियो । |
| १६ | औषधी उपचार सहयाता सम्बन्धमा | पर्सागढी नगरपालिकामा सवारी चालकमा कार्यरत रहेका कर्मचारी श्री गोविन्द कुमार चौधरीको कार्यालय समयमै रहेको अवस्थामा पक्षघात भई अस्पतालमा उपचारको क्रममा रहेको हुँदा निजको आर्थिक स्थिति निकै कमजोर भएकोले आर्थिक सहयाताको रुपमा रु १५ (पन्द्र) हजार मात्र उपचारको क्रममा लागेको खर्च मध्ये औषधी खर्च यस कार्यालयबाट सहयाताको रुपमा व्यहोर्ने निर्णय गरियो । |